# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

मितिः २०८२/०३/१०

बैठक संख्या: १७

बैठक सुरु समय: दिनको ०१ बजे

बैठकको अध्यक्षता: बृज हाङ आङ्देम्बे

उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सिं नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.वा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री जसिमाया कमिनी | सदस्य | जसी |
| १६ | श्री देवी तुम्बापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
स्थापना: २०७३
कोशी प्रदेश, नेपाल

फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०३/१० गते बसेको १७ औं बैठकका प्रस्ताव र निर्णयहरू

प्रस्ताव नं.१
गाउँसभामा आगामी आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम, बार्षिक बजेट, विभिन्न विषयगत समितीका प्रतिवेदनहरू पेश गर्ने सम्बन्धमा।

निर्णय नं.१
गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व.२०८२।०८३ को योजना तथा कार्यक्रमहरू गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो। साथै मिति २०८२।०३।१० गते गाउँसभा वडाका कार्यक्रम समेत गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो। आह्वान गर्ने निर्णय गरियो।

प्रस्ताव नं.२
फाल्गुनन्द गाउँपालिकाको आ.व.२०८३।०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।

निर्णय नं.२
फाल्गुनन्द गाउँपालिकाको आ.व.२०८३।०८३ को वार्षिक नीति तथा कार्यक्रम सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं.३
गाउँपालिकाको विषयगत समितीका प्रतिवेदन छलफल एवम गाउँसभामा पेश गर्ने सम्बन्धमा।

निर्णय नं.३
विषयगत समितीहरूले पेश गरेका सबै निर्णयहरू गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

प्रस्ताव नं.४

फाल्गुनन्द गा.पा. वडा नं.३ मा अवस्थित श्री सारताप माध्यमिक विद्यालय को नाम संशोधन गर्ने सम्बन्धमा ।

निर्णय नं.४

शिक्षा नियमावली, २०५९ को नियम १५४ को उपनियम ३ मा पहिल्यै नामकरण भईसकेको विद्यालयको नाम सँग जोडेर विद्यालयको नामकरण गर्न सकिने व्यवस्था छ । साथै सोहि नियमावली को नियम २ मा विद्यालयको नामकरण गर्नका लागी नामकरण गर्न चाहने व्यक्तिले सम्बन्धित विद्यालयलाई दिनुपर्ने नगद वा घर जग्गाको परिमाण समेतको व्यवस्था छ र नामकरण गर्न चाहनेले विद्यालयको नाम पछाडि थप्न सक्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) १ मा गाउँपालिकाले विद्यालयको नामकरण गर्न सक्ने कानुनी व्वयास्था छ । यिनै ऐन कानुनको परिधिभित्र रहेर फाल्गुनन्द गाउँपालिका वडा नं.३ मा अवस्थित श्री सारताप माध्यमिक विद्यालयको नामकरण गर्ने गर्ने सम्बन्धमा विद्यालयले पेश गरेका आवश्यक कागजपत्रको अध्ययन, कानुनबमोजिम दाताले विद्यालयलाई दिएको रकमका र जग्गाको आधारमा श्री सारताप मा.वि. को नामकरण श्री सारताप मनरत्न मा.वि. नामकरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५

संघीय सरकार सशर्त अनुदान अन्तर्गत श्री सिद्देवि नमुना मा.वि. विद्यालय नवमिडांडाको शिक्षक आवाश निर्माण गर्ने ठेक्का सम्झौता गरेर बांकि रहेको बजेट कार्यन्वयन सम्बन्धमा ।

निर्णय नं.५

संघीय सरकार सशर्त अनुदान अन्तर्गत श्री सिद्देवि नमुना मा.वि. विद्यालय नवमिडांडाको शिक्षक आवाश निर्माणका लागी रू. १ करोड रूपैंया प्राप्त भएको र सो भवन निर्माणका लागी मिति २०८१।१०।२० गते ठेक्का आव्हानबाट एल एन बि . निर्माण सेवाले रु.८१ लाख २१ हजार ७ सय ४ रूपैंया ६३ पैसामा सम्झौता भइको र बाकि रहेको ले उक्त आवास भवनमा अत्यावश्यक फर्निचर व्यवस्थापन गर्ने निर्णय गरियो

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## फाक्तेप, पाँचथर

स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

<u>प्रस्ताव नं.६</u>

नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत बाख्राको स्रोत केन्द्र स्थापना कार्यक्रम सम्बन्धमा।

<u>निर्णय नं.६</u>

यस सम्बन्धमा यस अघी वडा नं ६ मा कार्यन्वयन हुने भनि निर्णय भएकोमा उक्त वडामा विभिन्न कारण सम्पन्न हुन नसक्ने भएकोले वडा नं.१ को नर्कटे कृषी सहकारी संस्था फा.गा.पा. १ मार्फत दिने निर्णय गरियो।

<u>प्रस्ताव नं.७</u>

मिति २०८१।०६। ९-१२ को अविरल वर्षबाट भएको क्षति र मर्मत सम्बन्धमा (विपद व्यवस्थापन) सम्बन्धमा।

<u>निर्णय नं.८</u> मिति २०८१।०६। ९-१२ को अविरल वर्षाका कारण फाल्गुनन्द गाउँपालिका भित्रका सडक, विद्यालय, स्वास्थ्य सँस्था लागायतमा भएको क्षति को पुन:निर्माण र मर्मत गर्ने निर्णय गरियो।

<u>टेबल:</u>

- गुम्बाडांडा-पौवासारताप-ईम्बुङ- पात्लेभन्ज्याङ सडकको गुम्बाडांडा खण्डमा मिति २०८१।०६।९-१२ को अविरल वर्षाले क्षति भएको सडक मर्मत प्राविधिकको लागत अनुमानका आधारमा रू.२६,००,००० बराबरको सडक मर्मत गर्ने निर्णय गरियो।
- लुपच्वाप पुँवाबुङ खानेपनी ट्याङ्कि मर्मत रु.५०,०००
- घुर्बिसे पञ्चमी रिङरोड रू.२,००,०००
- जल्पादेवी आ.वि. फागुनन्द-४ पहिरो नियन्त्रण रू.५०,०००
- जनकल्याण मा.वि. पहिरो नियन्त्रण थप रू.२,००,०००
- निबुखोला तेस्रो लघुजलबिद्युत कुलो मर्मत रू.२,५०,०००
- कबर्डहल जाने बाटो मर्मत रू.१,००,०००
- श्री सारताप मा.वि. वडा नं.३ खेलमैदान पुरिएको
- ए.डि.बि.कुलो वडा नं.४ पाईप खरिद रू.१,००,००० ( गापा तर्फ )

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

प्रस्ताव नं.९

खेलकुद सहायता सम्बन्धमा ।

निर्णय नं.९

जिल्ला व्याड्मिन्टन संघ पाँचथरलाई प्रथम सुम्हात्लुङ कप प्रदेशस्तरिय व्याड्मिन्टन प्रतियोगिता सञ्चालन गरेबापत रु.५०,०००।– आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

पाँचथर जिल्ला फुटबल सँघलाई एन्फा रेफ्री आयोजनका लागी रू.३०,०००।– आर्थिक सहयता दिने निर्णय गरियो ।

प्रस्ताव नं.१०

स्थानिय विपद व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.१०

वडा नं.४ का सडकमा भएको क्षतिको मर्मत बापतको रकम स्थानीय विपद व्यवस्थापन कोष मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

साथै मिति २०८१।०६। ९-१२मा आएको अविरल वर्षाबाट क्षति भएको वडा नं.४ को सडक तत्कालिन अवस्थामा बजेटको सुनिश्चितता नभएको तर तत्काल सडक खोल्नु पर्ने बाध्यता भएको कारण वडाको बजेट संशोधन मार्फत भुक्तानि दिने गरी वडा समितिले निर्णय गरी प्राविधीक लागत अनुमान बमोजिम सडक मर्मत गरिएको रकम वडाको सीफारिसको आधारमा हिउँदे गाउँसभाबाट संशोधन गरिएकोले वडाको सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.११

गाउँ शिक्षा विधेयक पेश गर्ने समबन्धमा ।

निर्णय नं.११

फाल्गुनन्द गाउँपालिकाको शिक्षा विधेयक विधायन समिती संयोजक श्री देउकुमार आङ्देम्बे ज्यू मार्फत गाउँसभामा पेश

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

# फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## फाक्तेप, पाँचथर

**स्थापना:२०७३**

कोशी प्रदेश, नेपाल

<u>प्रस्ताव नं.१२</u>

शिक्षा शाखाको योजना संशोधन सम्बन्धमा।

<u>निर्णय नं.१२</u>

कक्षा १-३ को विद्यार्थीहरूलाई सिकाई सामाग्री खरिद तथा वितरण शिर्षकमा विनियोजित रकम रू.२,००,००० लाई ग्रेड वृद्धि परीक्षा सञ्चालन र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनमा रू.१।१ लाख रकमान्तर गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं.१३</u>

फाल्गुनन्द गाउँपालिका पाँचथरको भुउपयोग वर्गीकरण योजना बमोजिमको भूउपयोग नक्साङ्कन स्वीकृत गरि लागु गर्ने सम्बन्धमा।

<u>निर्णय नं.१३</u>

फाल्गुनन्द गाउँपालिका पाँचथरको भुउपयोग वर्गीकरण योजना बमोजिमको भूउपयोग नक्साङ्कन स्वीकृत गरि लागु गर्ने तथा मालपोत कार्यालय पाँचथर फिदिम र नापी कार्यालय पाँचथरमा आवश्यक प्रयोजनका लागी पठाउने निर्णय गरियो।

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com